कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ४७ ने. सं. ११३२ दिल्लाथ्व पारु बुधवा: २०६९ असार ६ गते बुधवार (Jun - 20, 2012) मुल्य : ५/– (न्यातका)

एकीकृत नेकपा (माओवादी) पार्टी फेरी फुट्यो

कीर्तिपुरका नेताहरु को कुन पार्टीमा ?

कीर्तिपुर सन्देश /

संविधानसभाको चुनावमा सबै भन्दा ठूलो बनेको पार्टी एकीकृत नेकपा (माओवादी) फेरी फुटेको छ । एकीकृत माओवादीका बरिष्ठ उपाध्यक्ष मोहन बैद्य विचार समूहको राजधानीमा भएको राष्ट्रिय कार्यकर्ता भेलाले सो पार्टी फेरी फुटेको हो ।

बरिष्ठ नेता बैद्यले नयाँ पार्टीको नाम नेकपा, माओवादी राखिएको छ । यस अधि नै एकीकृत माओवादीका नेता मातृका यादव पनि सो पार्टी परित्याग गरि नयाँ पार्टीको रुपमा नेकपा (माओवादी) निर्माण गरेको थियो। त्यसै गरि एकीकृत माओवादीवाट अलग्गै पार्टीको रुपमा मणि थापाले नेकपा (माओवादी) क्रान्तिकारी गठन भइसेको थियो।

लामो समय सम्म विचार समूह संचाल हुदै आएको एकीकृत माओवादी पछिल्लो पटक फुटेकोले अब संस्थापन पक्षलाई प्रभाव पर्ने अनुमान गर्न थालेको अवस्था छ। तर नेकपा, माओवादी निर्माण गर्ने एकीकृत माओवादीका निर्वतमान नेताहरू पार्टी फुट नभई पुरानै पार्टीलाई पुनर्गठन गरेको दावी गदै आएका छन् । संविधानसभाको चुनावमा एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहल प्रचण्ड अध्याधिक मतले विजय भएको कारण भनेको कीर्तिपुर नगर पालिकाका जनताले मत दिएकै कारणले हो । त्यसैले अब कीर्तिपुरका माओवादी नेताहरू कताति हो भनी जो कोहीले प्रश्न उठाउनु स्वाभाविक नै हो । यसै बीच कीर्तिपुरमा पनि एकीकृत माओवादी विभाजन पछि अव कुन नेता कता तिर हो भनी स्थानीयवासीले चासो लिन थालेको छ ।

एकीकृत माओवादीमा कीर्तिपुरका स्थानीय नेता जम्मा ११ जना राज्य समिति सदस्य रहेको अवस्था थियो । ११ जना मध्ये एक जना पूर्व सभासद एवं पूर्व राज्यमन्त्री दिलिप महर्जन, कीर्तिपुरमा नै कार्यक्षेत्र रहेका अन्य दुई जना राज्य समिति सदस्यहरूमा शम्भुराम महर्जन (नगाउँ) र सितल महर्जन 'निता' (पाँगा) हुन् । विभिन्न क्षेत्रमा कार्यरत अरु राज्य समिति सदस्यहरूमा धनबहादुर महर्जन (पाँगा), नारायण महर्जन 'विष्णु' (पाँगा), सचिर महर्जन (पाँगा), रुपक महर्जन (पूर्व जनमुक्ति सेना, पाँगा), वीर प्रसाद भन्सारी (सांस्कृतिक फाँट, कीर्तिपुर), उपेश महर्जन (इतागोल), विनोद महर्जन (पाँगा), र आकाश महर्जन (पाँगा) रहेका छन् ।

ती ११ जना राज्य समितिका सदस्यहरू मध्ये संस्थापन पक्ष अर्थात हाल सम्म पनि एकीकृत माओवादीमा दिलिप महर्जन, शम्भुराम महर्जन र रुपक महर्जन रहेका छन् । त्यसै गरि नयाँ निर्माण गरेको नेकपा, माओवादीमा धनबहादुर महर्जन, नारायण महर्जन, निता महर्जन, सचिर महर्जन, उपेश महर्जन, विनोद महर्जन र आकाश महर्जन र हेका छन् ।

कीर्तिपुरमा नै आफ्नो कार्यक्षेत्र भएका र विभिन्न स्थानमा कार्यक्षेत्र रहेका पछिल्लो पटक विभाजन हुनु भन्दा अगाडी सम्म एकीकृत नेकपा (माओवादी)मा २० जना भन्दा बढी जिल्ला सदस्यहरू रहेको र हाल सम्म पनि जिल्ला सदस्यहरू हकमा कुन पार्टीमा छन् भन्ने कुरा स्पष्ट नभएपनि अधिकांश जिल्ला सदस्यहरू संस्थापन पक्षमा रहेको बताइएको छ । त्यसै गरि एरिया सदस्यहरू करिव ४५ जना रहेको अवस्था छ । एरिया सदस्यहरू कुन पार्टीमा कति भन्ने कुरा धेरै स्पष्ट नभएतापनि अधिकांश संस्थापन पक्ष अर्थात हाल पनि एकीकृत नेकपा (माओवादी) कै पक्षमा रहेको बताइएको छ ।

पार्टीको विस्तारित बैठकदेखि राष्ट्रिय भेलामा समेत राज्य समिति सम्म सहभागी हुने भएका कारण अहिल सम्म राज्य समितिका सदस्यरूका सवालमा कुन नेता कता भन्ने कुरा स्पष्ट भएको छ भने अन्य स्थानीय नेता तथा कार्यकर्ताहरूको सवालमा जिल्ला सदस्य र एरिया सदस्यहरू अब कुन पार्टीमा कति भन्ने कुरा झन झन स्पष्ट हुदै जानेछ ।

VACANCY

Mobiland Electronics Pvt.Ltd. a well reputed distribution company located at Kathmandu requires dynamic and hard-working candidates for following post

1.Account : 2

Qualification : Bachlor degree in Management with two years experience in trading company having knowledge of Tally Accounting

2. Marketting Executive : 2

Qualification : Bachelor degree in any discpline with minimum two years experience and motor bike licence compulsory

3. Sales Executive : 3

Qualification : Minimum plus two in any displine with minimum one year experience.

4.Office Boy : 1

Qualification : Eight pass

Salary-Attractive and Negotiable

Interested Candidates can apply with a handwritten application with a detail CV, photo copies of testimonials and recent pp size photo graph within 21 days from a date of first publication to.

The Executive Director
Mobiland Electronics Pvt.Ltd.

Head Office
Kirtipur-17, Nayabazar
Phone no. 4332057

Branch Office
Narayan Gopal Chowk
Maharajganj Kathmandu
Phone no: 4720102

Email : info@mobilandshopping.com
Website: www.mobilandshopping.com

एस.एल.सी २०६८ मा उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई

हार्दिक बधाई

उज्जवल भविष्यको

मङ्गलमय शुभकामना

साथै मङ्गल उच्च मा.वि. यहाँहरूलाई

हार्दिक स्वागत

गर्दछ ।

कक्षा ११ मा भर्ना खुल्यो ।
संकाय
व्यवस्थापन
शिक्षा
मानविकी

विषयहरू
– कम्प्युटर विज्ञान
– होटल व्यवस्थापन
– आम संचार
– समाजशास्त्र आदि

नोटः यस विद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा विभिन्न छात्रवृत्तिहरू व्यवस्था गरिएको छ ।

मङ्गल उच्च मा.वि./बहुमुखी क्याम्पस
कीर्तिपुर
फोनः ०१–४३३०५४४, ०१–४३३५५६०

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

एकता महाधिवेशनको आवश्यकता

संविधानसभावाट सबै भन्द ठूलो दल बनेको एकीकृत नेकपा (माओवादी) संविधानसभा भंग भएको २४ औं दिनमा विभाज भएको छ । लामो समयदेखि जारी रहेको लाईन संघर्षको क्रममा एकीकृत माओवादी विभाजित भएपछि विशेष गरि कीर्तिपुर वासी तथा आम परिवर्तनकामी नेपालीले अव मुलुकमा झनै र ाजनीतिक संकट आउने अनुमान गरिएको छ ।

सो पार्टीका बरिष्ठ उपाध्यक्ष मोहन बैद्य किरण विचार समूहले नयाँ पार्टी नेकपा, माओवादी गठन गरेको छ । सो पार्टीलाई जनताको लागि क्रान्तिकारी रूपमा अगाडी बढाउने दावी गरेको छ भने एकीकृत माओवादीको संस्थापन पक्षले पार्टी विभाजनवाट कुनै असर नपर्ने दावी गरेको अवस्था छ ।

संविधानसभामा नेपाली जनताले सबै भन्दा बढी विश्वास गरेको पार्टी नै विभाजन भएपछि सर्वसाधारण नागरिकले चिन्ता लिनु पनि स्वभाविक नै हो ।

त्यति मात्रै नभई अब मुलुकमा संविधान नआउने भयो भनी समेत टिप्पणी गर्न थालेका छन् । अब मुलुकमा राजनीतिक निकास दिन नसक्ने र माओवादीहरू एक हुनै नसक्ने अनुमान पनि नगरिएको भने हैन ।

बास्तवमा माओवादीका नेताहरू रूपान्तर भई देश र जनताको लागि अधि बढ्ने हो अनि जनतालाई सार्वभौमसत्ता मान्ने हो भने विभाजित भएको एकीकृत माओवादी र नेकपा, माओवादीका नेताहरूले एकता महाधिवेशन गरि पार्टीलाई एकता गर्न नसक्ने पनि हैन । अतः अहिलेको अवस्थामा अधिकांश परिवर्तनकामी जनताले माओवादीका नेताहरू एकता महाधिवेशन गरि पार्टीलाई एकता बनाउन अनुरोध समेत गर्न थालेका छन् ।

नीलः साास्कृतिक पुचः नेवाः साँस्कृतिक विकासको लागि निरन्तरता

कीर्तिपुरस्थित नीलः साँस्कृतिक पुचः नेवाः साँस्कृतिक विकासको लागि निरन्तर लागिरहेका छन । विभिन्न शहर, गाउँ वस्ती र टोल टोलमा गै विभिन्न बाजा सिकाउनुका साथै आफ्नो साँस्कृतिक कार्यक्रम पनि प्रस्तुत गर्दै आइरहेका छन ।

तीन महिला पहिले पश्चिम नेपालको भ्रमण पुरा गरेर आइसकेको नीलः साँस्कृतिक पुचःले कीर्तिपुरको वडा नं. १७ धोकासी टोलमा द्यःला समाजलाई धिमेबाजा, बाँसुरी, खिँ र माडल प्रशिक्षण दिइसकेका छन । त्यस्तै काठमाडौं उपत्यका बाहिर दमौली, डुम्रे, वन्दीपुर, बालाजु, गोकर्ण इत्यादि ठाउँहरुमा पनि नेवाः बाजाको प्रशिक्षण दिइसकेका छन । गत एक महिनादेखि बोसी गाउँमा नयाँ टेक्नीकमा नयाँ किसिमले बाँसुरी वादन प्रशिक्षण दिइरहेको कुरा बैण्ड मैनेजर तेजमान बज्राचार्यले बताउनु भयो । उक्त प्रशिक्षणमा २० जना पुरुष र ६ जना महिला गरी २६ जनाको सहभागिता रहेको छ । गुरु तेजमान बज्राचार्यले बाजा प्रशिक्षण दिए वापत शुक्ल लिने गरेको छैन ।

असोजको अन्तिम हप्ता काठमाडौं उपत्यकामा नीलः साँस्कृतिक पुचःले साँस्कृति कार्यक्रम गर्ने भएको छ । जसमा थानकोट, सतुंगल, ताहाचल, न्यूरोड टेबहाल, धुलिखेल, पनौती, वनेपा, थिमी, भक्तपुर मा दुई ठाउँमा, लुभु, थसी, चापागाउँ, बुंगमती, मंगलबजार, टोखा, खोकना, नाला, सक्व, वसन्तपुर, पाँगा, कीर्तिपुरको नयाँबजार , फर्पिङ, बोसी गाँ इत्यादि ठाउँमा देखाइने भएको छ ।

संघीयताको बारे फेसबुकमा खुल्ला बहस

अहिलेको अत्याधुनिक समयलाई सूचना र संचारको युग भनिन्छ । यो युगमा अधिकांश सचेत नागरिकहरूले इन्टरनेट चलाइरहेका छन् । इन्टरनेट मार्फत संचालन भइरहेको लोकप्रिय सामाजिक संजाल फेसबुक हो । जसमा नागरिकहरूले आ–आफ्ना विचार स्वतन्त्र रुपमा राख्ने गरेका छन् । नेपालको सन्दर्भमा नयाँ नेपालको संघीयता सम्वन्धि खुल्ला रुपमा बहस गरिहेका छन् । सो विषयमा विश्वका कुनै पनि मुलुकमा बस्ने नेपाली नागरिक भएतापनि ती सचेत नागरिकले फेसबुक मार्फत बहस गर्दै आएका छन् । हजारौं नेपाली नागरि कहरूले फेसबुकलाई संघीयता सम्वन्धि बहस गर्ने थलोको रुपमा लिइरेका छन् । अतः फेसबुकमा दिनहुँ जस्तो बहस हुने संघीयता सम्वन्धि विभिन्न व्यक्तिहरूले राखेका कुराहरूलाई प्रतिनिधि मुलकको रुपमा 'फेसबुक बहसको रुपमा' आजको कीर्तिपुर सन्देश साप्ताहिकको यस अंकमा हामीले प्रकाशित गरेका छौं । सं.)

Roop Pradhan

बाउको भारी होइन साहुको भारी बोकी खुसि हुने कथित् उपल्ला दर्जाका नेवार देखि सावधान !!!

राजेन्द्र दाइ अब तपाईंले पनि आफ्नै बाउको भारी बोक्ने दिन आयो । धेरै दिन साउको भारी बोक्नु भो । हामी आदिवासी जातिको होइन आदिवासी जनताको पैरवी गर्दैछौं । हामी आदिवासीले लिन खोजेका मात्र पनि होइन बरु हामी हाम्रो देशका निम्ति विशुद्ध Indigenous ज्ञानको पनि प्रयोग गर्न खोज्दैछौं ।

राजेन्द्र दाइ उनीहरूलाई यो पनि भनिदिनुस – आदिवासी आन्दोलनबाट जातीय सदभाव कहाँ भत्काइयो ? बरु थारु संग्रहालय जलाएर कस्तो सद्भावको थालनी उनीहरूबाट गरियो ।

Sakwo GB

आदिवासी जनजातिहरू लामो समयदेखि जातीय क्षेत्रीय पहिचानसहितको संघीयताको पक्षमा दृढतापूर्वक आन्दोलनमा थियौं । हाम्रो जेठ ७,८,९ गतेको आमहडताल (नेपाल बन्द) पछि संघर्षले उत्कर्ष रुप लिएको अवस्था थियो । त्यस वीचमा नेपाल सरकारसँग हामीले ९ बुँदे सम्झौता गरेर हाम्रो मुद्दालाई स्वीकार गर्न राज्यलाई बाध्य पार्यौं भने यस अघि नै संविधानसभा राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना आयोगले पहिचानसहितको संघीय संरचनाको निर्माण गर्नुपर्ने सुझाव दिइसकेको थियो । अन्ततः संविधानसभाभित्र समेत जातीय पहिचानसहितको संघीयताको पक्षमा दुईतिहाई मत पुगिसकेको अवस्था थियो । त्यसबाट अत्तालिएर विधि र लोकतन्त्रका कुरा गर्ने ठूला दलका कथित शीर्ष नेताहरूले सहमतिका नाममा संवैधानिक बाटोलाई इन्कार गर्दै चोर बाटोबाट उक्त अभिमतका विरुद्ध षडयन्त्र गरे र विना संविधान अन्ततः १४ गते राति संविधानसभा समेत भंग गरे ।

प्रमोद श्रेष्ठ :

राष्ट्रियता भनेको भावनासँग जोडिएको हुनाले कुन व्यक्ति कहाँ बस्यो भन्ने कुरा संग सम्बन्ध राख्दैन । राष्ट्रियता नाप्न सक्ने भौतिक वस्तु पनि होइन । यहाँ यो बहसमा जति पनि राष्ट्रियताबाट प्रेरित भएर नै बहसमा सहभागि जनाएका हुन । विचार फरक फरक हुन ।

राष्ट्रियता भावना हो, भावनालाई हामी देख्न सक्दैनौं । तर महसूस गर्न सक्छौं । र महसूसले यो अवस्थामा पनि हुन्छ, जव यो भावनाले कुनै भौतिक वस्तु बनाउँछ । जस्तै कविले राष्ट्र भावनामा कविता लेख्छ, लेखकले लेख लेख्छ, गीतकारले गीत लेख्छ, कसैले के गर्छन, कसैले के गर्छन् । तपाईंको लेख पनि यसकै एउटा अंश हो, सबैको यसरि नै अंश हुन । भावनाबाट जन्म भएको जसलाई हाम्रो ज्ञानेन्द्रियले सजिलै देख्न, पढ्न र सुन्न सकिन्छ । म यस बनेको भौतिक कुरालाई "भौतिकृत भावना" भन्न मन पराउँछु ।

बासुदेव :

प्रचण्ड या माओवादी मन परेन भन्दैमा उत्पीडित जातिका जायज मागहरुलाई लत्याउन मिल्छ र भन्या ? देवकोटाको भाषामा भन्नुपर्दा 'नाक ठाडे मिजास' का हाम्रा बुद्धिजिवीहरुको बुद्धिलाई के भन्ने ?

जातिय पहिचानको आधारमा संघिय राज्यहरुको नाम राख्दा खेरी पनि त देश त अखण्ड (अविभाजित) नै रहन्छ नि (अखण्ड अखण्ड भनेर संघियता विरोधी शंख फुकिरहनुको कुनै तुक छैन(देश टुक्र्याउने कुरो कसैले (माओवादी या जनजाती) पनि गरिरहेको छैन ।

अब मिठो लागे पनि तीतो लागे पनि देशको औषधी त त्यही हो, बहूजातिय बहूभाषी देश संघियतामा जानु पर्नुको मूल कारण नै जाति, भाषा, सांस्कृतिको पहिचान र सम्मान हो, नत्र केवल भूगोलको आधार हेर्ने हो भने त हिजै महेन्द्रले १४ अञ्चलमा विभाजित गरेका थिए नि, त्यसले त केही नापेन । जातिय नाम राख्दैमा देश टुक्रिने भए त भारत अहिले टुक्रै टुक्रा भैसक्नुपर्ने !

पराक्रम गोर्खाली :

यो पेजमा तर्कसंगत कुरा र बहस मात्र गर्दा राम्रो होला !! Ujlucky Razz र Yubi Karkee ले जस्तो गालि गलौज अपशब्द प्रयोग नगरौं !! यस्ता गतिविधिले जातीय सदभाव बिथोल्ने र रचनात्मक बहसलाई गलत दिशामा लाग्ने निश्चित छ !! तसर्थ यी दुईजनाले २४ घण्टाभित्र माफी नमागे ग्रुपबाट निलम्बन गरिदिनु हुन Admin समक्ष अनुरोध गर्दछु ।

आफ्नो बचाऊ र माफी मागेर सचिने २४ घण्टे मौका दिन सकिन्छ । हामी जनजाति उदार हृदय भएका छौं। त्यसैले सच्चिन एक मौका दिनुपर्छ।

सरब बज्राचार्य :

नेपालका शिर्ष नेताहरूको बैचारिक स्तर नागरिक समाजका अगुवा सुन्दर मणी दीक्षित र खगेन्द्र संग्रौलाको जति भएको भए आज देश यो संकटमा फस्दैन्थ्यो । अब एमाले र कांग्रेसका म्याद नाघेका नेताहरूले पदबाट राजिनामा गरि नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नु पर्छ। अनि मात्र देशले निकाश पाउँछ र पार्टी पनि बच्छ ।

Veer Cumaar

द्वन्द हुन दुई वा दुई भन्दा बढी पक्षहरू हुनुपर्छ। कारक तत्वहरूमा विभेद, असमानता, अन्याय, असहमतिहरू हुन सक्छन । उद्देश्यहरूमा समानता, न्याय, सह(अस्तित्व, सह(स्वीकार्यता बनाउनको लागि हुन्छ । आफूहरू मात्र सत्तामा हुनुपर्छ भन्दै कुनै पक्षले खुरापाती तर्कहरू गर्दैमा समस्याको समाधान हुँदैन ।

सबैलाई मूलधारमा ल्याउने संयन्त्र र वातावरण हुनुपर्छ। अनावश्यक जातियताको पक्ष विपक्षमा केही व्यक्ति विशेषका कारण पुरै जात जातिलाई गाली गर्ने शुरुबाट पक्कै राम्रो संकेत होइन ।

Prakash Dhar Tuladhar

मुर्ख त इतिहास मेटाउनेहरूको सन्तानहरूको देखें मैले । संयुक्त राष्ट्र संघमा दर्ता गर्न नसक्दा के गरेर बसेका थिए जातिय राज्यको विरोध गर्नेहरूको बौ बाजेहरू ? जातिय राज्य हुनासाथ गुटी भिंता बोकेर बसाई सर्नुपर्छ भन्ने मुर्ख मानसिकता त्याग्नुस् । सदभाव बचाउनुस, भक्तपुरे पचपन्ने भ्याल, पाटन दरवार स्क्वायर, हनुमान ढोका बनाउने नेवारको मात्र होइन, नेपालमा बस्ने नेपालीहरूको मात्र होइन यो त विश्व सम्पदा भनेर संबोधित भइसके ।

त्यसको जिर्णोद्धार गर्न युनेस्कोले समेत लगानी गर्छन् संसारको सम्पति भनेर । एउटा फलामको किल्ला प्रयोग नगरी काठको चुकुलले बनाएको अनि त्यस्तो कला र सँस्कृति भएको समूहलाई उत्थान गर्न जातिय राज्य माग गरिएको हो ।

नुवाकोटको दरबार, अंग्रेजको सहयोगमा नेपा राज्य (काठमाडौं उपत्यका) आक्रमण गर्ने पृथ्वी नारायणको गोरखा दरबार किन विश्व सम्पदाको सुचीमा राखेन त ?

अबज शर्मा :

फरक धारका फरक फरक कुरा । बाहिर गोहीका आँशु झारेपनि यथार्थ यस्तो थियो ।

१. दुईवर्षमै ब्याउनुपर्ने संविधानसभा चार वर्षमा पनि ब्याएन । थारो रै छ । तीन तीन महिनामा बाली जाने भैसीजस्तो । बगरेको हातमा पुग्यो जाती भयो ।

२. केही जातलाई भनेर देशको मानचित्र नै धूलो हुने गरी टुक्राउन खोज्ने संविधानसभा भंग भयो ठीकै भयो ।

३.जुन संविधानसभाले इतिहासदेखि खोसिएको स्व पहिचानलाई स्थापित गरेर देश सबैको हो भन्ने आभाष दिलाउन सक्दैन भने के अर्थ ? भंग भयो ठिकै भयो ।

४. को तागाधारी को मतुवाली । एउटै बर्को ओढेर सुतियो । मर्दा मलामी थियौं जिउँदामा मेला पर्म परेली थियौं। आज त्यो सदभाव घृणामा बदलियो। यो अपराधको कारक संविधानसभा भंग भयो ठीकै भयो।

५. जनमुक्तिको लागि वर्गसंघर्ष जरुरी थियो, छ । मुद्दा आज जातीय बन्यो र वर्गसंघर्षको संभावना पचासौं वर्ष पछाडि धकेलियो। संविधानसभा यसरी बुर्जुवा संसद भइसकेको अवस्थामा यो बाँच्नु र मर्नुको कुनै अर्थ थिएन । सेतो हात्ती मऱ्यो ठीकै भयो ।

नेवाः राजेश श्रेष्ठ :

"आज त्यो सद्भाव घृणामा बदलियो" यो सद्भाव एकैचोटि घृणामा बदलिएको होइन मित्र यो आफूमाथि भएको दमन र त्यसको उकुसमुकुस पहिलेदेखि नै थियो । धेरै पहिलेदेखि तर अहिले धेरै सचेत भयौं र बराबर अधिकारको लागि आवाज उठाएको हो ।

HEARTIEST CONGRATULATIONS

To

All SLC Graduates 2068

Ambika Chaudhary

Rekha Shrestha

Anju Bista

Raisa Maharjan

Sajana Budhathoki

Debika Maharjan

Puja Khadka

Kusum Dolmathing

Anisha Phuldel

Nabin Budha

Narottam Adhikari

Rahul Nepali

Nirajan Bohara


Aayush Khanal

Subin Manandhar

Ashesh Ranjitkar

Bikram Tamang

Neeraj Maharjan

Sushant Shrestha

Madan Shrestha

Gyalish Maharjan

Devid Maharjan

Sachin Bogati

BAGHBHAIRAB BOARDING HIGH SCHOOL

Nayabazar, Kirtipur–17

Phone 4330141

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

याकनं यानादिसँ - *छिटो गर्नुस् ।*
क्या उल्लु - *कस्तो वाहियात ।*
सुम्क च्वनादिसँ – *चुप लाग्नुस् ।*
भल्सा यानादिसँ – *भरोसा गर्नुस् ।*
छुं खँ मदु – *हैन, केही छैन ।*
धया दिसँ – *भन्नुहोस् ।*
थुल ला ? – *बुझ्नु भो ?*
भपा दिसँ – *खानुहोस*
अहँ मथु – *अहँ बुझिन ।*
हानं छकः धयादिसँ – *फेरि एकपल्ट भन्नुस् ।*
छु जुल ? – *के भयो ?*
खँ छु खः ? – *कुरा के हो ?*

हाकनं लिपा नापलाये – *फेरि भेटौंला ।*
कन्हय् नापलाये – *भोलि भेटुंला ।*
न्यना हःगु दु धयाब्यू – *सोधेको छ भनी दिनु ।*
फ्यतुना दिसँ – *बस्नुहोस ।*
धन्दा कयादीम्वाः – *धन्दा लिनुपर्दैन ।*
झाया दीगुलिं शुभाय – *आउनु भएकोमा धन्यवाद ।*
छिगु नां छु ? – *तपाईंको नाम के हो ?*
जिगु नां नरेश खः– *मेरो नाम नरेश हो।*
छैं गन थें ?– *घर कहाँ नि ?*
गन च्वना दिया ?– *कहाँ बस्नुहुन्छ ।*

युरोकपको क्वार्टर फाइनलमा पुग्ने जर्मनी पहिलो टिम

नवीन महर्जन

युरोकपको १४ औं संस्करण गत जेठ २६ गतेदेखि पोल्याण्ड र युक्रेनमा सञ्चालन भैरहेको छ। गत जेठ २६ गते नेशनल रंगशाला वार्सामा भव्य उद्घाटन पश्चात पोल्याण्ड र ग्रिस विचको खेलबाट यो युरोकप २०१२ को प्रारम्भ भएको थियो जुन खेल १-१ को बराबरीमा सकिएको थियो । हालसम्म यस प्रतियोगिताको समूह 'घ'को बाहेक अरु सम्पुर्ण समूहको लिग चरणको प्रतियोगिता सम्पन्न भैसकको छ ।

यस पटकको युरोकपमा सर्वप्रथम नकआउट अर्थात् क्वार्टर फाइनलमा पुग्न सफल टोली थियो समूह 'ख'को जर्मनी । जर्मनीले पहिलो खेलमा फुटवलको चर्चित टिम पोर्चुगल माथि १-० को विजय त्यसैगरी अर्को शक्तिशाली टिम नेदरल्याण्डलाई २-१ ले पराजित गरी क्वाटर फाइनलमा पुग्न सफल भएको थियो ।

त्यसैगरी समूह 'क'बाट रसियाले आफ्नो उत्कृष्ट प्रदर्शन गरी पहिलो खेलमा चेक गणतन्त्र माथि ४-१ को जित तथा दोस्रो खेलमा पोल्याण्डसँग १-१ को बरावरी खेल खेलेर अर्को चरणमा पुग्ने प्रवल दावेदारी टिममा उतार्न सम्भावना देखाएको थियो । तर अन्तिम लिगमा ग्रीससँग १-०गोलले पराजित भइ बाहिरियो। त्यसैगरी चेकले पोल्याण्डलाई १-०ले हराई क्वार्टर फाइनलमा पुग्यो । यसरी यो समूहबाट ग्रीस र चेक छनौट भएको छ।

समूह 'ग' अन्तर्गत गत जेठ २८ गते स्पेन र इटाली विचको खेल निकै रोमान्चक थिया जुन खेल १-१को बराबरीमा सम्पन्न भएको थियो भने क्रोएसियाले आइल्याण्ड माथि ३-१ को जित र इटाली विच १-१ गोलको बराबरी खेलि अर्को चरणको लागि आफ्नो उपस्थिति कायम राखिएको छ । विश्वकप विजेता एवं डिफेन्डिङ्ग च्याम्पियन स्पेनले अर्को खेलमा आइरल्याण्डलाई ४-० गोल अन्तरले जित हासिल गरी आफ्नो उत्कृष्ट कायम राखी राखेको छ।

समूह 'घ'को गत जेठ २९ गते सम्पन्न चर्चिट छिम फ्रान्स र इङ्ल्याण्डको विच निकै निरस खेल सावित भयो फुटवल प्रेमीहरुले यी दुई विचमै जुन आकर्षक खेल हुने अपेक्षा गरेको थियो त्यो पाउन सकेन जुन खेल १-१ को बरारीमा सम्पन्न भएको थियो। बरु अर्को आयोजक टिम युक्रेनले स्विडेन माथि २-१ ले जित हासिल गरेको थियो ।

गत सोमवार सम्मको समूह 'क'बाट चेक गणतन्त्र र ग्रीस, समूह 'ख'बाट जर्मनी र पोर्चुगल, समूह 'ग'बाट स्पेन र इटाली क्वाटर फाइनलमा पुगेको छ ।

यता अखिल नेपाल फुटवल संघको आयोजनामा असार २ गते शनिवारदेखि १० गतेसम्म यू-२२ एसियाकप छनौट फुटवल प्रतियोगिता सञ्चालन भइरहेको छ ।

नेपाल लगायत बंगलादेश, यमन, जोर्डन र उज्वेकिस्तान यस समूह 'घ'मा परेका छन । नेपाली टोलीलको नेतृत्व युवा खेलाडी भरत खवासले गरेका छन भने प्रशिक्षक कृष्ण थापा छन ।

यस प्रतियोगिताको पहिलो खेलमा नेपालले बंगलादेशलाई ४-१ ले पराजित गरी शानदार शुरुवात गरेका छन भने जोर्डनले यमनमाथि ४-० गोल अन्तरले जित हासिल गरेको छ।

स्मरणरहोस् यस यू २२ एसिया कप फुटबल प्रतियोगिताको फाइनल चरणको खेलभने सन २०१४ मा आयोजना हुनेछ।

तेस्रो IPC रनिङ शिल्ड पुष्पसदनको हातमा

इन्द्रायणी परिवार ल्कब, कीर्तिपुरको आयोजनामा गत जेठ २० गते शनिवारदेखि आयोजित तेस्रो आइपीसी रनिङ शिल्ड प्रतियोगिता गत असार २ गते शनिवार सम्पन्न भएको छ। उक्त दिन छात्र भलिबल फाइनल एवं तेस्रो स्थानको खेल अन्तमा यस प्रतियोगिता अन्तर्गत विभिन्न खेल बिधामा प्रथम, द्वितिय र तृतिय स्थान ओगटने छात्र छात्राहरुलाई मेडल, प्रमाणपत्र तथा समग्रमा बढी अंक ल्याउन सफल पुष्प सदन आ.मा.वि.लाई रनिङ शिल्ड र नगद पुरस्कार पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि दक्षिण भेगिय निजी तथा आवासिय विद्यालय संगठनका अध्यक्ष दिलमान महर्जन तथा अन्य अतिथिहरुले वितरण गरेका थिए ।

यस प्रतियोगिताको छात्र तर्फको फाइनल खेल कीर्तिपुर मा.वि. र पुष्प सदन आ.मा.वि. विच भएको उक्त खेलमा पुष्प सदनले कीर्तिपुर मा.वि.लाई २५-२१, १४-२५, २५-८ र २५-१५ को स्कोरले पराजित गरी प्रथम हुन सफल भएको थियो । त्यसैगरी सोहि दिन सम्पन्न तेस्रो स्थानको खेल मंगल उच्च मा.वि. र जनसेवा उच्च मा.वि विच भएको थियो जसमा जनसेवा उच्च मा.विले ३-० सेटले जित हासिल गरेको थियो ।

यस आइपीसी रनिङ शिल्ड हात पार्न सफल पुष्प सदन स्कुल छात्रा तर्फको क्रसकन्ट्री दौडमा सम्पुर्ण पदक आफ्नो पोल्टामा पार्न सफल भएको थियो। त्यसैगरी टेबल टेनिस टिम इभेन्ट्समा प्रथम, छात्र तर्फको सिङ्गल टेबल टेनिसमा दोस्रो, १०० मि. छात्र तर्फ तेजेस कुमारले १३.५५ सेकेण्डमा पार गरी दोस्रो यस प्रतिस्पर्धामा की.मा.वि.का निरोज महर्जनले १२.८ सेकेण्डमा दुरी पार गरी प्रथम भएको थियो भने लेबोरेटरीका रवि लामाले १४.०३ से.मा पुरा गरी तेस्रो भएको थियो । त्यसैगरी पुष्पसदन स्कुलले १०० मि छात्रा तर्फ वर्षा बोहराले १५.२४ से.मा पुरा गरी प्रथम भएकी थिइन भने दोस्रो गोल्डेन रेजका सुजिता पौडेल १६.२४ से.मा र तेस्रो स्थानमा रुकमणी पौडेल अनर स्कुलले १८.१३ से.मा पुरा गरेकी थिइन ।

२०० मि. छात्रा तर्फ पुष्पसदनका रशुका मानन्धरले ३५.४० सेकेण्डमा पुरा गरी प्रथम, सोही स्कुलका दिक्षा श्रेष्ठ ३७.२५ से.मा पार गरी दोस्रो तथा सुजीता पौडेल गोल्डेन रेजले ३९.४५ से.मा पार गरी तेस्रो भएकी थिइन । छात्र तर्फको २०० मि. दौडमा लेबोरेटरीका रबी लामाले ३०.४९ से.मा पुरा गरी प्रथम, निरोज महर्जन की.मावि.ले ३०.८८ से मा पुरा गरी दोस्रो भएका थिए भने यस इभेन्ट्समा पनि पुष्प सदनका सागर थापा मगरले ३१.३० सेकेण्डमा पार गरी तेस्रो भएका थिए । त्यसैगरी खेलकुद हाजिरी जवाफमा पुष्प सदन आ.मा.वि. प्रथम भएको थियो भने भलिबल छात्रमा पनि प्रथम स्थान ओगट्न सफल भई कुल ४२ अंकका साथ पुष्प सदन च्याम्पियन भएको थियो जस्ले गर्दा तेस्रो क्ष्एक्र र निङ शिल्ड हात पार्न सफल भयो ।

यसरी समग्रमा यो तेस्रो क्ष्एक्र रनिङ शिल्ड प्रतियोगिता राम्रर ी नै सम्पन्न भएको छ । विद्यार्थीहरुको लागि यस्तो प्रतियोगिता नियमित रुपमा अति आवश्यक छ जस्ले गर्दा उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न सहयोग हुन्छ। यस प्रतियोगिताको खेल संख्यामा मात्रै बृद्धि गर्नको साथसाथै प्राविधिक पक्षमा पनि ध्यान दिनु पर्ने देखिएको छ। यदी यो पक्षमा पनि ध्यान दिन सके अझ सुनमाथि सुगन्ध हुने देखिन्छ ।

हार्दिक समवेदना

जन्म
१९९२ असार
९ गते



निधन
२०६९ असार
३ गते

यस जनसेवा उच्च माविका भूतपूर्व कर्मचारी कृष्णहरी महर्जनको गत असार ३ गते ७७ बर्षको उमेरमा असायीक निधन भएकोले दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

जनसेवा उच्च मावि परिवार
पाँगा, कीनपा–१२

सहभागिताको लागि अनुरोध

नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाको पहल र सहयोग एवं कीर्तिपुर नगरपालिकाको सहयोगमा आयोजित 'महिला मानव अधिकार रक्षाको लागि महिला सशक्तिकरण' विषयक एक दिवसीय छलफलमा सहभागिताका लागि सल्लाहकारहरु, साधारण सदस्यहरु, सक्रिय सदस्यहरु, यस कीर्तिपुर क्षेत्रका विद्यालयहरुका प्रधानाध्यापक ज्यूहरु र वडा सचिव ज्यूहरु, महिला संजाल एवं महिला दिदि बहिनीहरुमा यसै सूचना द्वार निर्धारित मिति, समय र स्थानमा समुपस्थितिका लागि हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम

स्थानः कृष्ण क्याटरिङ, पाँगा दोवाटो, कीर्तिपुर
मितिः २०६९/०३/११ गते सोमवार
समयः विहान १० बजे

नेपाल मानव अधिकार संगठन
कीर्तिपुर शाखा

Congratulations !!!

Alisha
Maharjan 91

To all SLC Graduates, Valuable Guardion, Devoted Teachers' Team and Well wishers'

100% SLC Result 2068 Batch

Roisa
Maharjan 91

Kritika
Maharjan 88.75

Sunny
Maharjan 88

Yugen
Maharjan 87.13

Raslina
Shrestha 87

Kshitiz
Tamang 86.38

Trisam
Sapkota 86

Sunayana
Pandey 85.38

Samikshya
Maharjan 84.88

Merina
Maharjan 84.13

Kyanij
Maharjan 81.75

Aditi
Acharya 81.25

Alpha
Maharjan 80.5

Yankee
Maharjan 80.5

Ichen
Maharjan 78.25

Pratibha
Malla 78.25

Rojit
Maharjan 78.25

Likesh
Maharjan 77.5

Rojit
Maharjan 77.38

Kailash Bikram
Shah 77.13

Rulesh
Maharjan 77

Rabu
Ranjit 76.63

Raju
Lama 76.63

Rajeshwor
Maharjan 76.5

Sunil
K.c. 76.38

Karuna
Shah 75.63

Alka
Maharjan 75.12

Pooja
K.C. 74.88

Bhubin
Maharjan 74.13

Eliza
Maharjan 74

Lokesh
Maharjan 74

Sujata
Malakar 73.75

Saloni
Prajapati 72.62

Pujan
Maharjan 72.25

Bishal
K.C. 71.13

Sujit
Maharjan 70.78

Dibya
Maharjan 70.75

Sajum
Katuwal 70.38

Ashik
Bista 70.


Brabim
K.C 69.83

Alisha
Maharjan 68.88

Sushan
Maharjan 68.63

Sushant
Mali 68.5

Manju
Dhungana 68.25

Sanjeeb Kumar
Maharjan 68.12

Susan
Tuladhar 67.5

Samrat
Mahat 67.12

Anish
Khadka 65.63

Karan
Maharjan 65.63

Nirajan
K.C.65.63

Sudeep
Maharjan 64.5

Simon
Maharjan 64.25

Navin
Shrestha 64

Sandeep
Ghale 64

Reshma
Budhathoki 61.63

Sumin
Basnet 61.38


Archana
Maharjan 60.75

Rajya Laxmi
K.C. 60.38

Anisha
Maharjan 59.63

Anila
Maharjan 57.75

Panga Secondary Boarding School
Shahidpath, Panga Kirtipur-9
Phone: 4330069, Email: psschool@wlink.com.np
pangasecondaryschool@yahoo.com

कीर्तिपुरमा पहिलोपल्ट जिल्लास्तरीय सुरक्षा निकायको अन्तरक्रिया

कीर्तिपुर सन्देश/ जेठ ३२ गते कीर्तिपुरमा पहिलोपल्ट जिल्लास्तरीय सुरक्षा निकाय र कीर्तिपुरका जनता बीच खासीमा रहेको नासः खलःको सभाहलमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा काठमाडौंका प्रमुख जिल्ला अधिकारी चुडामणी शर्मा, काठमाडौं प्रहरी प्रभागका बरिष्ठ प्रहरी उपरिक्षक (एसएसपि) जयवहादुर चन्द, प्रहरी प्रभाग कालीमाटीका डीएसपी टेक वहादुर तामांग र कीर्तिपुर नगर पालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठको उपस्थिति रहेको थियो ।

कीर्तिपुरका जनताले कीर्तिपुर नगर पालिकाभित्र सीआरबी थपको माग गरिएको थियो । सहभागीहरुले कीर्तिपुरमा लागु औषध दुर्व्यसनी बढिरहेको, जाँड रक्सीको बेच विखन खुल्लम खुल्ला रुपमा बिक्रि वितरण भैरहेको, बाटो बनाउँदा कम गुणस्तरको सामान प्रयोग भएको, सुरक्षाको मामिलामा प्रहरी असफल भएको विभिन्न गुनासो गरिएका थिए ।

प्रहरी प्रभाग कीर्तिपुरका निरीक्षक ज्ञान कुमार महतोले ठाउँको अभावमा प्रहरीले जनताले चाहे बमोजिम सेवा गर्न नसकेको जानकारी दिनुभयो ।

मादक पदार्थ सेवन सम्वन्धमा मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउनु अपराध हो । मादक पदार्थ सेवन गरेर जथाभावी सवारी चलाउँदा धेरै दुर्घटना भएको अहिले दुर्घटनामा कमी आएको र गृहिणी र अभिभावकहरूले खुशी प्रकट गरेको एसएसपी जयवहादुर चन्दले जानकारी दिनुभयो । जनमानस र प्रहरीको संयुक्त प्रयासबाट मात्र अपराधीक घटनामा कमी ल्याउन सक्ने, प्रहरी र आम जनताको सम्बन्ध भनेको पानी र माछाको हो । प्रहरी माछा हो भने जनमानस पानी हुन । माछा नभएपनि पानी रहन सक्छ तर पानी नभइकन माछा रहन सक्दैन । प्रहरी जनताको शत्रु होइन सहयोगी हो भन्ने धारणा राख्न पनि उहाँले अनुरोध गर्नुभयो ।

नगरपालिकाको मापदण्ड विपरीत बनाइएका र पर्ति जग्गामा बनाइएका घरहरू भत्काइने कुरा नगर पालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले जानकारी दिनुभयो । सडकमा कालोपत्रे बनाउँदा होस या ढलान गर्दा होस् स्तरीय र गुणस्तरीय बस्तु प्रयोग भए नभएको निरीक्षण गर्नु हुन सबैसँग अनुरोध गर्नुभयो । हरेक विकास निर्माणको अनुगमन गर्ने अधिकार सबैलाई रहेको बताउनु भयो ।

अन्तमा प्रमुख जिल्ला अधिकारी चुडामणी शर्माले जनताको सहयोग नभैकन प्रशासनले मात्र केही गर्न नसक्ने भन्दै जिल्ला स्तरीय कुनै पनि कार्यालयले भ्रष्टाचार गरेको, घुस मागेको, जनताको काम सजिलैसित गरिदिएन भने आफ्नो गुनासो सिधा प्रमुख जिल्ला अधिकारीलाई फोन बाट जानकारी दिन आफ्नो फोन नम्बर पनि दिनु भयो । काठमाडौं जिल्ला अधिकारी कार्यालयको मोबाईल नम्बर ९८५१२०७७७७ र निजी मोबाईल नम्बर ९८५१०९४६७५ रहेको जानकारी दिनुभयो ।

प्रहरी निरिक्षक ज्ञानकुमार महतोले प्रहरी भवनको लागि जग्गा मिलाइ दिन अनुरोध गर्नु भएकोमा प्रजिअ र कार्यकारी अधिकृतले त्रि.विसँग कुरा गरी त्रिवि. जग्गामा भवन बनाउन प्रयास गर्ने जानकारी दिनुभयो ।

खड्गी समाज कीर्तिपुर विकास निर्माणमा जुट्दै

कीर्तिपुर नगरपालिकाको वडा नं ४ र ५को सिमाना बनेको गुतपौ टोलबाट च्वगलटोल जाने छोटो बाटो पहिले घरमा चर्पी नहुँदा गूघारी थियो । शहरको विकासको क्रममा घर घरमा चर्पी भएपछि त्यो ठाउँमा हग्ने त बन्द भयो । तर मानिसहरूले फोहोर फाल्ने ठाउँको रुपमा प्रयोग गर्न थाले । जसले गर्दा मानिसहरू त्यो ठाउँबाट हिंडडुल गर्न बन्द गरिए । बर्षौंदेखि फोहोर फाल्ने ठाउँको रुपमा फोहोर थुप्रेर हिंडडुल गर्न अप्ठ्यारो भइरहेको थियो । खडगी सेवा समिति कीर्तिपुरले सो ठाउँमा समितिको भवन बनाउन थाले । पश्चिम मोहरा रहेको २५.५ फुट लम्बाई र १५ फुट चौडाई रहेको भवनको भुई तल्ला आफ्नै खर्चमा बनायो । दोस्रो तल्ला थप्नको लागि जिल्ला बिकास समिति काठमाडौंको सहयोगमा बनिरहेको छ । त्यसपछि चौगल टोलबाट गुतपौ जाने बाटो खोल्ने प्रयासमा खड्गी सेवा समितिले एक तल्ला जति थुपरिएको फोहोर फाल्न थालेका छन । फोहोर थुप्रेको ठाउँसम्म गाडी नजाने भएकोले साह्रै गाह्रो भएको राजभाइ खड्गीले बताउनु भयो ।

एक महिनादेखिको अथक प्रयासले आधिजति बाटो सफा गरिसकेको र अझै करीव ९ फुट उचाई र २० फुट चौडाई जति फोहोर सफा गर्न बाँकि रहेको छ । ७५ मिटरमा रहेको फोहोर फाल्न र ढुंगा छपाईको लागि कीर्तिपुर नगर पालिकाबाट ३ लाख सहयोग प्राप्त हुने सहमती भएको राजभाइ खड्कीले जानकारी दिनुभयो ।

सो बाटो खुलेमा बाकुननी गुटपौ, म्वानःत्वालाई खासी बजार आउन जान र मलामी लैजाने पुरानो बाटो सजिलो हुने बताउनु भयो ।

जनसेवा उच्च मा.वि.मा बधाई कार्यक्रम

एसएलसी परीक्षा २०६८ मा उतीर्ण हुन सफल विद्यार्थीहरुलाई गत शुक्रबार जनसेवा उच्च मा.वि.ले एक कार्यक्रम गरी बधाई दियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवलाल महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेवारी परम्परा अनुसार उतीर्ण विद्यार्थीहरूलाई रातो टिका, दही र अण्डाको सगून दिएर बधाई दिइएको थियो । फलामे ढोका भनिने एसएलसी परीक्षा पास भैसकेपछि उच्च शिक्षा हासिल गर्न के गर्नुपर्छ भन्ने सल्लाह सुझाव पनि दिइएको थियो । बधाई र सल्लाह दिनुहुनेहरूमा जनसेवा उच्च मा.वि.का प्राचार्य नन्दकुमारी महर्जन, वि.व्य.स.सदस्य ई.दुर्कमान महर्जन, वि.व्य.स.का सदस्य नजरराम महर्जन र अध्यक्ष माधवलाल महर्जनले विद्यार्थीहरूको स्वर्णिम भविष्यको लागि सल्लाह र शुभकामना दिइएको थियो ।

पाँगामा प्राथमिक स्वास्थ्य उपचार तालिम

प्राथमिक स्वास्थ्य उपचार उपभोक्ता समिति पाँगा, कीर्तिपुरले एक हप्ते प्राथमिक स्वास्थ्य उपचार तालिम जेठ २१ गतेदेखि २७ गतेसम्म सम्पन्न गरिएको छ ।

नेकपा एमालेका समानुपातिक सभासद डा.विजय पौडेलको सभासद कोषको सहयोगबाट उक्त तालिम दिइएको थियो ।

फेक्ट नेपालका डाक्टर तेज तुलाधर र नर्सहरू पूर्णकला गुरुंग र तेज कुमारी गुरुंगले तालिम दिनु भएको थियो ।

उपभोक्ता समितिका अध्यक्ष कमला महर्जनको सभापतित्वमा सचिव सरब कुमार महर्जनले संचालन गर्नुभएको समापन कार्यक्रममा की.न.पा.का लेखा अधिकृत सानुवाबु परियार, ११ नं वडाका सचिव श्रीकृष्ण महर्जन, पाँगा मा.वि.का प्रिन्सिपल रमेश मान महर्जन, नारायण बहादुर कार्की लगायतले प्राथमिक स्वास्थ्य उपचार

तालिमको महत्व बारे बोल्नु भएको थियो ।

सभापतिको आशनबाट कमला महर्जनले यस तालिममा सहभागी महिलाहरूले आ(आफ्नो क्षेत्रमा सफलतापूर्वक प्रयोग गर्नुहुने आशा गर्नुभयो ।

तालिममात्र लिएर यसलाई उपयोगमा ल्याउन सकेन भने यो तालिमको औचित्य नरहने बताउनु भयो ।

तालिम पछि सबैजनालाई प्राथमिक उपचार बक्स उपहार प्रदान गरिएको थियो । सहयोगको लागि फेक्ट नेपालका डाक्टर र नर्सलाई कदर पत्र प्रदान गरिएको थियो भने सहभागी सबैजनालाई प्रमाण दिइएको थियो ।

Congratulations !

Kirtipur, Kathmandu
Tel. 4330121, 4332553

KIRTIPUR

Rarahil Memorial School

Congratulation to all the SLC graduates of 2068.
We are proud of our achievements of 100% result with 23.80% distinction.

90.13 Mrinal Bhusal (Sharma)

87.63 Kanchan Puri
85.38 Prakash Kharel
84.13 Pradip Singh Basnet
83.38 Bibek Maharjan
83.38 Hemanta Lo
82.63 Inu Baskota
82.25 Nima Tamang(Lama)
82.13 Prajen Maharjan
82.13 Sani Singh
82.00 Sulakshana Basnet
81.50 Sarmila Dhakal
81.50 Reshma Adhikari
81.13 Dipesh Lohani
80.88 Ridendra Maharjan

79.63 Ritu Bhimal
79.38 Suchana Baniya
79.25 Rimix Maharjan
79.00 Dipen Thapa
78.88 Sanira Pradhan
78.63 Sushan Maharjan
78.50 Abisekh Manandhar
78.50 Sushant Shrestha
78.00 Suraj Ale
77.75 Prabesh Maharjan
77.38 Dorhe Ranjeet Tamang
77.13 Puja Bista
76.75 Shreesam Maharjan
76.50 Rishi Baskota
76.50 Bhagwat Rijal
76.25 Abhinak Bikram Shah

75.88 Nisham Maharjan
74.75 Asis Maharjan
74.75 Ranju Ramtel
74.75 Sandesh Lama
74.63 Sumit Maharjan
74.00 Deebya Maharjan
73.75 Suni Deula
73.63 Anup Darshandhari
73.50 Sanish Maharjan
73.38 Marco Kapali
73.38 Raj Chaudhari
73.25 Deepak Mali
73.13 Sujana Tandukar
72.38 Bimala Lama Thing
72.63 Allen Maharjan
72.50 Anita Thapa

72.50 Samrat Napit
71.38 Prakash Thing
70.25 Ruchmee Shrestha
70.25 Surabhi Rasaila
70.00 Monika Maharjan
69.00 Romee Maharjan
68.83 Bijen Maharjan
68.63 Sajana Maharjan
68.53 Roshan Basnet
67.50 Rikesh Maharjan
67.38 Sarash Maharjan
67.38 Suraj Biswokarma
62.38 Sajesh Maharjan
62.13 Bishant Maharjan
62.00 Suraj Devkota
58.13 Yuzung Tamang

कुन स्कूलमा कति पास ?

राष्ट्रियस्तरमा एसएलसी परीक्षाको नतिजामा ४७.१६ प्रतिशत विद्यार्थी उतीर्ण भएका छन। कीर्तिपुर क्षेत्रको समग्र विद्यालयको नतिजा ९३.५१ प्रतिशत विद्यार्थीहरू उतीर्ण हुन सफल भएको छ। यसपालीको नतिजामा ७५ प्रतिशत हाजिर भएका विद्यार्थीलाई टेस्ट परीक्षामा फेल गर्न नपाउने नियमले विद्यालयले सबै विद्यार्थीहरूलाई एसएलसी परीक्षामा सामेल गराउनु पर्ने बाध्यता भयो।

यसबाट कतिपय सामुदायीक विद्यालयले एसएलसीमा शतप्रतिशत विद्यार्थी पास गराउन सकेन। तैपनि कीर्तिपुर ढोकासी टोल स्थित गोर खनाथ माविले लगातार तेस्रो पल्ट पनि शत प्रतिशत विद्यार्थी उतीर्ण गराउन सफल भएका छन।

पहिलो पल्ट एसएलसी परीक्षामा सामेल चम्पादेवीस्थित नेपाल एपीएफ स्कुलले शतप्रतिशत विद्यार्थी विशिष्ट श्रेणीमा पास गर ाउन सफल भयो। त्यस्तै उज्ज्वल शिशु निकेतनले गत वर्ष दक्षिण भेगिय छात्रमा टपर ल्याउन सफल भए भने यस वर्ष छात्रामा पनि उज्ज्वलले दक्षिण भेगिय टपर ल्याउन सफल भएका छन। प्रथम श्रेणीमा भन्दा बढी विशिष्ट श्रेणीमा विद्यार्थी पास गराउन सफल भएका छन। त्यस्तै क्रिएटिभ एकेडेमीले गत वर्ष १८ जनामा १७ जनाले विशिष्ट श्रेणीमा पास हुन सफल भएका थिए भने यस वर्ष २९ जनामा २५ जना विद्यार्थीले विशिष्ट श्रेणीमा पास गराउन सफल भएको छ।

त्यस्तै सामुदायीक विद्यालयहरूमा मंगल उच्च मावि, जनसेवा उच्च मावि, आदिनाथ माविले यस वर्ष पनि विशिष्ट श्रेणीमा एक/एक जना भएपनि पास गराउन सफल भएका छन् भने। पहिलो पल्ट बैष्णवी माविले पनि एक जना विद्यार्थी विशिष्ट श्रेणीमा पास गराउन सफल भएको छ।

उक्त विद्यालयका रोजन महर्जनले ८६ . ५० प्रतिशत अंक हासील गरि सामुदायीक विद्यालयहरू मध्यवाट सर्वोत्कृष्ट हुन सफल भएको छ।

एसएलसी २०६८ मा सामुदायीक विद्यालयको नतीजा

सामुदायीक विद्यालय	जम्मा	विशिष्ट	प्रथम	दितीय	तृतिय	उत्तीर्ण	अनुतीर्ण	प्रतिशत
मंगल उच्च मा.वि	४२	१	३३	६	-	४०	२	९५.२४
जनसेवा उच्च मा.वि.	६४	१	२३	३१	-	५५	९	८६.
आदिनाथ मा.वि.	३८	१	११	१७	-	२९	९	७८.९५
बैष्णवी मा.वि.	१८	१	५	५	-	११	७	६१.११
गोरखनाथ मा.वि.	१२	-	६	६	-	१२	-	१००
कीर्तिपुर मा.वि.	२५	-	८	१२	१	२१	४	८४.
बालकुमारी मा.वि.	३१	-	५	२०	-	२५	६	८०.६५
विश्व रा.मा.वि	१८	-	२	११	-	१३	५	७२.२
बाघभैरव मा.वि.	२३	-	७	७	-	१४	९	६०.८७
टौदह रा.उच्च मा.वि	३०	२	१४	११	-	२७	३	९०.

एसएलसी २०६८ मा संस्थागत विद्यालयको नतीजा

संस्थागत विद्यालय	जम्मा	विशिष्ट	प्रथम	दितीय	उत्तीर्ण	प्रतिशत
क्रियटिभ एकेडेमी	२९	२५	४	-	२९	१००
उज्ज्वल शिशु निकेतन	६१	४३	१८	-	६१	१००
पुष्प सदन आ.मा.वि	१०७	३५	७१	१	१०७	१००
शुभकामना एकेडेमी	१२	८	४	-	१२	१००
ग्रीन भिलेज फाउण्डेशन	५१	११	३७	३	५१	१००
लेबोरेटरी स्कुल	६९	१५	४५	७	६७/२स्थ	१००
मेगस स्कुल	१७	४	११	२	१००	१००
ग्रीन भिलेज	१०	५	५	-	१०	१००
बाघ भैरव बो.स्कुल	२४	२	१९	३	२४	१००
गोल्डेन रेज एकेडेमी	१०	२	६	२	१०	१००
कीर्ति सेकेण्डरी	१८	१	१५	२	१८	१००
साउथ भ्याली	११	-	८	३	११	१००
कीर्तिपुर ई.बो.स्कुल	७	-	२	५	७	१००
अनर इन्टरनेशनल	११	-	४	६	१०	९०.९१
एपीएफ स्कुल	२०	२०	-	-	२०	१००
राराहिल मेमोरियल	६३	१५	४७	१	६३	१००
पाँगा मा.वि	६१	१५	४४	२	६१	१००
हिलटाउन ई.स्कुल	५७	४	४१	१२	५७	१००

हार्दिक बधाई

यस गोरखनाथ माविवाट ६ जना प्रथम श्रेणीमा र ६ जना दितिय श्रेणीमा गरि शत प्रतिशत विद्यार्थी एसएलसी परीक्षा २०६८ मा उत्तीर्ण भएको खुसीयालीमा सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालय परिवार हार्दिक बधाई ज्ञापन गर्दछ।

राजन रानामगर

सुरेश भुजेल

सुस्मिता राना

शुष्मा शाही

पुजन शाक्य

लक्ष्मी श्रेष्ठ

नितेश महर्जन

मनदेवी महर्जन

निर्मला रोक्का

निरोज महर्जन

साहाना देउला

सरीस्वती लामा

गोरखनाथ माध्यामिक विद्यालय

ढोकासी टोल, कीनपा –१७

UJJWAL SHISHU NIKETAN ACADEMY

Sahidpath, Panga, Kirtipur-11

HEARTY CONGRATUATIONS

CONGRATULATIONS! to our SLC Graduates-068 for their outstanding performance - 100% successful Result:

43 Distinction and 18 First Division

Keeping up the glorious history of the school

Salina Maharjan91.38

Sujita K.C 89.75

Seema Thapa Magar 89.63

Shreeya Maharjan 89.63

Sijju Maharjan 89.50

Sujita K.C 89.50

Prakriti KC 89.38

Shristi Bogati 89.38

Pranaya Maharjan 89.38

Aayush Bhetwal 89

Samyog K.C 88.75

Nabin Thapa 88.50

John Maharjan 88.38

Pratgya Maharjan 88.38

Vicky Maharjan 88.38

Saugat Maharjan 88

Ukita Dahal 88

Luzina Maharjan 87.63

Rajiv Shrestha 87.63

Sanish Maharjan 87.25

Pradip Tumbapo 87.13

Navin Chidi 87

Krishna K.C 86.75

Swostika K.C 86.50

Yunisha Majarkam 86.50

Nischal Singh 86.25

Sushmita Khadka 86.13

Rashina Maharjan 85.63

Jashmon Rana 85

Susan K.C. 85

Rukshana Dangol 84.50

Ragen Maharjan 84.38

Gaurab Katuwal 83.88

Mohan Banjade 83.25

Shristi Maharjan 82.75

Subin Nagarkoti 82.25

Sandeep Rana 81.38

Aashish Shahi 81.25

Shobana Sharma 81.13

Saran Thapa Magar 80.63

Nenisha Maharjan 80.38

Rushesh Maharjan 80.38

Sandhya Kunwar 80.13

Sanisha Maharjan 79.38

Ozone Maharjan 79.25

Samikshya Poudel 79.25

Bibita Maharjan 77.25

Romita Maharjan 76.75

Aakash Khadka 76.38

Aakriti Malakar 76.25

Saju Maharjan 75.88

Manish Maharjan 75.75

Cristina Maharjan 74.88

Kajol Maharjan 74.75

Sabin Thapa 74.50

Nirakar Silwal 73.38

Merina Maharjan 71.88

Saru Maharjan 71.13

Rakesh Maharjan 70.88

Sabina Basnet 70.50

Mpnisha Shrestha 69

Principal & School Family

UJJWAL SHISHU NIKETAN ACADEMY

हैन त ?

–निरज

कीर्तिपुरको राजमानलाई राष्ट्रिय ललितकला लेखन पुरस्कार

गत जेठ २९ गते राष्ट्रपति रामबरण यादवको समुपस्थितिमा ललित कला एकेडेमीका कुलपति किरण मानन्धरले ललितकला सँग सम्बन्धी विविध सर्जकहरूलाई विभिन्न पुरस्कारहरू प्रदान गर्नु भएको थियो। ती मध्ये राजमान महर्जनलाई पत्रकारिता तर्फ राष्ट्रिय ललितकला लेखन पुरस्कार प्रदान गर्नु भएको थियो। राजमानले विगत ९ वर्षदेखि 'क्यानभास' साप्ताहिक ललितकला विषयको पत्रिका प्रकाशन तथा सम्पादन गर्दै आइरहनु भएको छ।

फलामे ढोका

ब्यंग सन्देश

सरथ कुमार महर्जन

विद्यालयस्तरको पढाई पुरा गर्नु भनेको एस.एल.सी. उतिर्ण गर्नु हो। यसलाई फलामे ढोका पार गर्नु पनि भनिन्छ। एउटा विद्यार्थीलाई करिव दुई अढाइ वर्षदेखि सक्नेले नीजी र नसक्नेले सरकारी विद्यालयमा पढाई फलामे ढोकासम्म पुऱ्याउने काम अभिभावक र शिक्षक शिक्षिका हरूको काम कर्तव्यको रुपमा लिइन्छ। फलामे ढोकामा जुनजुन विद्यार्थीहरूले सजिलै पार लगाउँछन् उनीहरू राम्रो विद्यार्थीको उपनाम पाउँछन्। जुनजुन विद्यार्थीले फलामे ढोका पार गर्न सक्तैनन् ती विद्यार्थीहरू नराम्रो विद्यार्थीमा गनिन्छन् र त्यसको एउटा छाप र मूल्याङन समाजमा हुने गरेको छ। एस. एल. सी पास गर्ने वा नगर्ने विद्यार्थीलाई जोडेर उसको परिवार र विद्यालयको पनि मूल्याङकन हुने भएकोले यो अभिभावक, विद्यालयको पनि प्रतिस्ठा र इज्जतको सवालको रुपमा लिइन्छ।

हुन त यो एस. एल. सी. लाई किन फलामे ढोका भनेको होला ? प्लस टु लाई स्टील, ब्याचलरलाई चाँदी, र डीग्रीलाई सुनको ढोका पार गर्नु किन नभनेको होला ? वा कुनै पनि विषयमा डाक्टर गर्नुलाई हिराको ढोका पार गर्नु किन नभनेको होला ? अथवा एक कक्षादेखि दश कक्षासम्म उतिर्न गर्दा कुन कुन ढोका पार गरियो त भनी किन नामाङकन नगरिएको होला ? यस्ता धेरै प्रश्नहरू एस एल.सी को नतिजा प्रकाशनमा मात्र किन उठ्ने गरिन्छ। यो पनि कौतुहलकै विषय होला।

हुन त एउटा विद्यार्थीलाई एस. एल. सी. को मुखसम्म पुऱ्याउनको लागि करिब १२/१३ वर्षसम्मको अटुट कक्षा पार गर्नु पर्दछ। त्यसको लागि विद्यार्थीलाई समयमा विद्यालयमा पुऱ्याउने, लिन जाने, राम्रो सफासुग्घर लुगाफाटा लगाई, समयमा किताव कापी, कलम आवश्यक सामग्री दिई, समयमा शुल्क तिरि एस.एल.सीको मुखसम्म पुऱ्याउनु पनि एकदशक लाग्ने कुरा सबैलाई अवगत नै छ। आजभोलिको महगो शिक्षा नीति, महगो स्वास्थ्य उपचार, महगो बजारमा एकजना छोराछोरीलाई एस.एल.सी सम्म पुऱ्याउनु भनेको उसको युवाशक्ति, युवा आम्दानी छोराछोरीमा लगानी गर्नु रहेको छ। त्यसैले पनि होला एस.एल.सी पास गर्नु भनेको खुशीको कुरा हुनु पर्दछ वा पास नहुनु भनेको लगानी खेर गएकोमा दुःख लाग्नु पनि स्वभाविकै होला। तर कुरा के हो भने एस. एल. सीमा पास हुदैमा मातिने र पास नहुदैमा आतिने दुवै विद्यार्थी जीवनका लागि हानिकारक छ।

हुन त विद्यार्थीहरू बढी मात्रामा उतिर्ण हुनु र नहुनुमा देशको राजनीतिक, आर्थिक, सामाजिक, तथा वातावरणले पनि ठूलो प्रभाव पारेको छ। यसपाली पनि कूल विद्यार्थीमा आधा पनि विद्यार्थीहरू पास गर्नु नसक्नु देशमा बढ्दै गएको बन्द हडताल, चक्काजामको प्रभाव पनि उतिकै छ। विद्यार्थी आन्दोलन,राजनीतिक आन्दोलन, शैक्षिक हडताल जस्ता हरेक आन्दोलनको तार्केत विद्यालय बन्द गर्नु पनि उतिकै जिम्मेवार छन्। समयमा पाठ्यपुस्तक नहुनु, समयमा पढाइ नहुनु, अभिभावकहरूको विद्यालयको पढाईप्रति ध्यान नजानु जस्ता थुप्रै कारणहरू होलान्, विद्यालयको पढाइ खस्कनुमा, सरकारी नियम नीतिको अभाव हुनु , विद्यालयमा विद्यार्थीहरूलाई करको भार बोकाउनु, नातावाद कृपावाद गरी शिक्षक शिक्षिका भर्ना गर्नु, गराउनु, पढाई भन्दा पनि शुल्कमा मात्र ध्यान दिनु, जस्ता विकृति विसंतिका कारणहरू पनि होला। यसपालीको आधाभन्दा विद्यार्थीहरू फलामे ढोकाबाट छिर्न पाएनन्। के यसमा विद्यार्थीको मात्र दोष छ। के सर कारको दोष छैन ? के शिक्षामन्त्री र मन्त्रालयको दोष छैन ? के विद्यालय दोषमुक्त हुन सक्छ ? के नेपालको राजनीति दोषमुक्त हुन सक्छ। समग्रता विद्यार्थी असफल हुनु भनेको देशको लगानी खेर जानु हो, अभिभावकहरूको लगानी खेर जानु हो। नेपालको पाठ्यक्रममा खोट हुनु हो। विदेशी औपनिवेशक शिक्षा नीतिको करामत हुनु हो। नेपालको माटो सुहाउँदो शिक्षा नहुनु हो। कि कसो ?

युरो कप भइरहेको युक्रेनमा नेवाः झण्डा प्रदर्शन गर्ने तयारी

अहिले जारी रहेको चर्चित खेल युरो कप-२०१२ फुटबल, प्रत्येक युवाहरूले चर्चा गरिने विषय युरो कप फुटबल। हाल युक्रेनमा जारी रहेको फुटवल खेलमा नेवाः स्वायत्त राज्यको झण्डा प्रदर्शन गरिने भएको छ।

इन्टरनेट मार्फट युरो कपको सेमी फाइनल हेर्नका लागि टिकट प्राप्त गरेका प्रस्तावित नेवाः राज्यका तीन नेवार युवाहरूले सो स्थानमा नेवाः स्वायत्त राज्यको झण्डा प्रदर्शन गर्न लागेको थाहा भएको छ। नेपालभाषा र नेवाः आन्दोलनका कार्यकर्ता एवं व्यापारीहरू दिपक तुलाधर, विजय श्रेठ र केशव तुलाधरले सो तयारी गरेका हुन।

युक्रेनमा जारी रहेको युरो कपमा सहभागी हुनका लागि ती युवाहरूले नेपालको झण्डा, युक्रेनको झण्डा र नेवाः स्वायत्त राज्यको झण्डा समेत तयारी गरेका छन्।

ती तीन जना नेवार युवाहरूले नेवाः स्वायत्त राज्यको लोगो भएको टिसर्ट समेत लगाई जाने र सो क्रममा युक्रेनमा रहेका नेवार समुदयासंग समन्वय गरि नेवाः स्वायत्त राज्यको झण्डा समेत बेलुनमा राखी उडाउने समेत तयारी गरेको छ। युरोकप जारी रहेको युक्रेनमा नेवाः स्वायत्त राज्यको झण्डा प्रदर्शन गर्न नदिन पनि सक्ने कुरालाई ध्यानमा राखी ती युवाहरूले नेवाः स्वायत्त राज्यको लोगो अंकित टिसर्ट लगाउने समेत तयारी गरिसकेको थाहा भएको छ।

युक्रेनमा जारी युरो कप फुटबल हर्नका लागि टिकत हासिल गर्ने दिपक तुलाधर, विजय श्रेठ र केशव तुलाधरले टिकट देखाउदै

Wanted

Panga Secondary School Invites an application for the secondary Level Science Teacher

Number : 1 (One)

Qualification : M.sc. in Science

The application should arrive in the following address by 10th Ashad 2069

contact date : 11th Ashad, 2069

Time : 10A.M to 4P.M

Panga Secondary Boarding School

Shahid Path, Panga Kirtipur-9

Phone no.4330069

उपन्यासकार नजरराम महर्जनया न्हूगु निगू उपन्यास

नेपालभाषाया उपन्यास

"व सु"

व

"थः सु कतः सु"

याकनं

पिदनेत्यंगु दु।

लंच्वनादिसँ

हरेक अंक विशेष अंक

कीर्तिपुर सँन्देश साप्ताहिक

'कीर्तिपुरका हरेक विषय, तपाईको विज्ञापन, सुचना, सन्देश विश्वभरी पुऱ्याउने हाम्रो अभियानमा सहभागी बनौं'